# स्थानीय राजपत्र


## गल्छी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : २ सङ्ख्या : ४ मिति : २०७५/०३/२५


## भाग : २

# एक्स्काभेटर सञ्चालन तथा व्यवस्थापन गर्न बनेको निर्देशिका, २०७५

गल्छी गाउँपालिकाको स्वामित्वमा रहेको एक्स्काभेटर सञ्चालन प्रकृयालाई नियमित र व्यवस्थित गर्न वाञ्छनीय भएकोले गल्छी गाउँ कार्यपालिकाबाट स्वीकृत गरी यो निर्देशिका जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो निर्देशिकाको नाम एक्स्काभेटर सञ्चालन तथा व्यवस्थापन गर्न बनेको निर्देशिका, २०७५ रहेको छ ।

१.२ यो निर्देशिका गाउँपालिकाले स्वीकृत गरेका मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामाः**

२.१ "गाउँपालिका" भन्नाले गल्छी गाउँपालिका, धादिङलाई सम्झनु पर्दछ ।

२.२ "एक्स्काभेटर" भन्नाले गल्छी गाउँपालिकाको स्वामित्वमा रहेको वा भाडामा ल्याइएको सडक वा अन्य निर्माण कार्य सञ्चालन गर्न प्रयोग गरिने हेभि इक्वीपमेण्ट मेशिन सम्झनुपर्दछ ।

२.३ "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले एक्स्काभेटर व्यवस्थापनको कार्य गर्ने गरी अधिकार प्रत्यायोजन गरेको शाखा अधिकृत वा अन्य अधिकृत सम्झनुपर्दछ ।

२.४ "उप-समिति" भन्नाले एक्स्काभेटर सञ्चालन तथा व्यवस्थापनको कार्य गर्ने गरी गाउँ कार्यपालिकाद्वारा गठित उप-समितिलाई सम्झनु पर्दछ ।

२.५ "सडक योजना" भन्नाले गाउँपालिकाको यातायात गुरु योजनामा परेका तथा गाउँ कार्यपालिकाद्वारा स्वीकृत भएका सडक योजनाहरुलाई सम्झनु पर्दछ ।

२.६ "अध्यक्ष" भन्नाले योजना सञ्चालन, मर्मत र रेखदेखको समेत कामकाज गर्ने गरी गठित उपभोक्ता समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

२.७ "सम्झौता" भन्नाले योजना सञ्चालन गर्ने उपभोक्ता समितिको अध्यक्ष वा निजी क्षेत्र तथा गाउँपालिका वा यसै

निर्देशिकाद्वारा तोकिएका अधिकारी बीच भएको एक्स्काभेटर सञ्चालन सम्बन्धी लिखित समझदारी पत्र सम्झनुपर्दछ ।

२.८ "निजि क्षेत्र" भन्नाले गाउँपालिकाको एक्स्काभेटर खरिद कार्यमा साझेदार नभएका सबै संघ, संस्था, कार्यालय तथा व्यक्ति समेतलाई जनाउँदछ ।

२.९ कार्यालय भन्नाले गल्छी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

३. **एक्स्काभेटर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नीतिहरुः** गाउँपालिकाको स्वामित्वमा रहेको एक्स्काभेटरलाई गाउँपालिकाबासीको हित, सुविधा र गाउँपालिकाको समग्र विकासका लागि तथा गाउँपालिकाको राजश्व वृद्धि गर्ने गरी सञ्चालन तथा व्यवस्थापन गर्नका लागि देहायका नीतिहरु अवलम्वन गरिनेछः

(१) एक्स्काभेटरको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि एक एक्स्काभेटर सञ्चालन तथा व्यवस्थापन उप-समिति गठन गरी एक्स्काभेटर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्न जिम्मेवारी दिइनेछ ।

(२) उप समितिलाई सुम्पिएका काम, कर्तव्य र अधिकार बहन गर्नका लागि आवश्यक पर्ने स्रोत साधन संकलन तथा परिचालनको योजना बनाई गाउँ कार्यपालिकाबाट पारित गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

(३) गाउँपालिकाको विविध भौतिक निर्माण सुधारमा टेवा पुग्ने गरी एक्स्काभेटरको सञ्चालन गरिनेछ।

(४) एक्स्काभेटरको सञ्चालन गरी सडक संरचना निर्माण गर्दा वातावरणीय प्रभावलाई ध्यान दिइनेछ ।

(५) गाउँपालिकाको राजश्व राजश्व वृद्धि हुने र खर्च बचत हुने गरी उप समितिको प्रत्यक्ष निगरानीमा एक्स्काभेटर परिचालन गरिनेछ।

४. **एक्स्काभेटर सञ्चालन व्यवस्थापन उप-समिति सम्बन्धी व्यवस्थाः**

४.१. गाउँपालिकाको स्वामित्वमा रहेका एक्स्काभेटरको उचित व्यवस्थापन गरी माग भएका विभिन्न योजनाहरुमा एक्स्काभेटरको सञ्चालन गर्न, एक्स्काभेटरको रेखदेख, मर्मत, सम्भार सम्बन्धी कार्यमा अनुगमन निरीक्षण गर्न देहाय बमोजिमको एक उप- समिति गठन गरिनेछः

४.१.१. गाउँ कार्यपालिकाले तोकेको गाउँपालिकाको सदस्य एकजना - संयोजक

४.१.२. गाउँ कार्यपालिकाले तोकेको गाउँपालिकाका सदस्य दुईजना - सदस्य

४.१.३. गाउँ कार्यपालिकाको कार्यालयको इन्जिनीयर - सदस्य

४.१.४. गाउँ कार्यपालिकाको कार्यालयको योजना शाखाको प्रमुख - सदस्य-सचिव

४.२. उप-समितिले आवश्यक ठानेमा एक्स्काभेटर अपरेटरलाई समेत छलफलमा सहभागी बनाउन सक्नेछ।

४.३. **उप-समितिको काम, कर्तव्य र अधिकारः** प्रचलित ऐन, नियमको परिधिभित्र रही उप-समितिलाई देहाय अनुसार काम, कर्तव्य र अधिकारहरु हुनेछन् -

४.३.१. एक्स्काभेटर परिचालन गरी निर्माण गरिने सडक योजनाहरुको सूची संकलन गरी प्राथमिकता तय गर्ने र सञ्चालनका लागि योजनाहरु छनौट गर्ने ।

४.३.२. छनौट भएका योजनामा एक्स्काभेटर सञ्चालन गर्ने स्वीकृति दिने, सम्झौता गर्ने ।

४.३.३. सम्झौताको अवधिभित्र तोकिए अनुसार कार्य भए/नभएको अनुगमन गर्ने र तोकिए अनुसार कार्य नभएको पाइएमा कारबाहीका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने ।

४.३.४. योजना सञ्चालनमा एक्स्काभेटर परिचालन गर्दा सुरक्षा तथा जनपरिचालन बारे अध्ययन गरेर मात्र पठाउने ।

४.३.५. गाउँपालिकाको आवधिक योजना, गाउँ यातायात गुरु योजना तथा गाउँपालिकाद्वारा स्वीकृत योजनाहरुमा प्राथमिकता दिई एक्स्काभेटर सञ्चालन गराउने ।

४.३.६. समय समयमा एक्स्काभेटरको जाँच गरी/गराई मर्मत गर्नु पर्ने अवस्था देखिए तुरुन्त मर्मत गराई वर्षैभरि निर्वाध रुपमा एक्स्काभेटर सञ्चालन गर्न सकिने व्यवस्था मिलाउने ।

४.३.७. पटक पटक फेरबदल गर्नु पर्ने प्रकारका स्पेयर पार्टसहरु मौज्दातमा राख्ने व्यवस्था मिलाउने ।

४.३.८. एक्स्काभेटर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी खर्चको उपल्लो हद नाघ्न नदिने व्यवस्था मिलाउने ।

४.३.९. एक्स्काभेटर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी तत्काल आई पर्ने अन्य कार्यहरु गर्ने ।

**५. एक्स्काभेटरद्वारा योजना सञ्चालन गर्ने सम्बन्धी कार्यविधिः-**

५.१ गल्छी गाउँपालिकाको स्वामित्वमा रहेको एक्स्काभेटरद्वारा योजना सञ्चालन गर्न चाहने योजनाको उपभोक्ता समितिको अध्यक्षले उपभोक्ता समितिको निर्णय सहित तोकिएको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ।

५.२ निवेदन साथ दरखास्त दस्तुर वापत रु. एक सय तथा कति घण्टाका लागि एक्स्काभेटर माग गरेको हो त्यति घण्टाका लागि प्रति दिन रु. एक हजार नौ सयका दरले हुन आउने एक मुष्ट रकम कार्यालयले तोकेको बैंक खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५.३ यो निर्देशिका बमोजिम माग भएको योजनामा एक्स्काभेटर सञ्चालन गर्ने निर्णय भएमा सोको जानकारी सम्बन्धित अध्यक्ष मार्फत उपभोक्ता समितिलाई दिइनेछ ।

५.४ एक्स्काभेटर सञ्चालन गर्ने निर्णय भएपछि सम्बन्धित अध्यक्षले एक्स्काभेटरलाई सञ्चालन अवधिमा लाग्ने इन्धन वापतको एकमुष्ट रकम गाउँ कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ । यसरी रकम बुझाएपछि मात्र एक्स्काभेटर सम्बन्धित योजनामा सञ्चालन गरिनेछ । कार्यालयले तोकेको स्थानबाट इन्धन आपुर्ति गर्नेछ । यसरी आपूर्ति

गरिएको इन्धन कार्यालयले तोकेको स्थानबाट सम्बन्धित योजना स्थलसम्मको ढुवानी खर्च सम्बन्धित उपभोक्ता समितिले नै व्यहोर्नु पर्नेछ ।

५.५ योजना सञ्चालन अवधिमा आवश्यक पर्ने मोविल, एक्स्काभेटर रहेको स्थानबाट योजना स्थल र योजना सम्पन्न भएपछि नजिकको राजमार्गसम्म जाने इन्धनको व्यवस्था सम्बन्धित उपभोक्ता समितिले नै गर्नु पर्नेछ । तर मर्मत संभार पछि मोविल फेर्नु पर्ने भएमा कार्यालयले एकपटकका लागि मोविल, ग्रिज आदि फेर्नेछ ।

५.६ योजना सञ्चालनमा एक्स्काभेटर प्रयोग गर्न चाहने उपभोक्ता समितिले एक्स्काभेटरको सुरक्षाको प्रत्याभूति पत्र कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

५.७ यो निर्देशिका बमोजिम निर्दिष्ट अपरेटर, हेल्पर समेतको ओभर टायम भत्ता समेत सम्बन्धित उपभोक्ता समितिले नै उपलब्ध गराउनु पर्नेछ ।

५.८ योजना स्थलमा एक्स्काभेटर पठाउनु अघि एक्स्काभेटर अपरेटर सहितका प्राविधिकद्वारा साइटको अध्ययन गराउनु पर्नेछ । प्राविधिक दृष्टिले साइट उपयुक्त भए/नभएको विषयमा निजले पेश गरेको प्रतिवेदन तथा लगत इस्टिमेट समेतलाई आधार मानि एक्स्काभेटर सञ्चालनको स्वीकृति दिइनेछ ।

५.९ एक्स्काभेटरद्वारा निर्माण कार्य गर्ने उपभोक्ता समितिले कार्य सम्पन्न भएपछि प्राविधिकद्वारा कार्य सम्पन्न प्रतिवेदन तयार गरी गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

५.१० एक्स्काभेटर सञ्चालन सम्बन्धी कार्यका लागि पिच सडकबाट एक्स्काभेटर ढुवानी गर्नु पर्ने भएमा सम्बन्धित उपभोक्ता समितिले नै ढुवानी खर्च व्यहोर्नु पर्नेछ ।

५.११ एक्स्काभेटर सञ्चालनको लागि लाग्ने दस्तुर तथा इन्धन खर्च (सञ्चालनकै क्रमको मोबिल तथा ग्रिज खर्च समेत) सम्बन्धित योजनाको लागि विनियोजित रकमबाट कट्टा हुने गरी खर्च गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

५.१२ अवरुद्ध भएको सडक खोल्न वा गाउँपालिकाको निर्णयानुसार एक्स्काभेटर परिचालन गरी निर्माण सुधार कार्य गर्न वा गाउँपालिकाको राजश्व वृद्धि हुने कार्यमा प्रयोग गर्न आवश्यक भएमा उपसमितिको प्रत्यक्ष रेखदेखमा एक्स्काभेटर परिचालन गर्न सकिनेछ । यस्तो कार्यको सिलसिलामा भएको खर्च उपसमितिको सिफारिसमा गाउँ कार्यपालिकाको निर्णय अनुसार व्यहोरिने छ ।

५.१२ एक्स्काभेटर सञ्चालनको लागि लाग्ने दस्तुर तथा इन्धन खर्च (सञ्चालनकै क्रमको मोबिल तथा ग्रिज खर्च समेत) र विशेष भत्ता सहितको कूल खर्च गाउँपालिकाको वडा नं ४, ५, ६ ७, र ८ को हकमा प्रति घण्टा रु. चार हजार पाँच सय र वडा नं १, २ र ३ को हकमा प्रति घण्टा रु. चार हजार छ सयमा नबढने व्यवस्था अध्यक्ष र उप समितिले मिलाउनु पर्नेछ । निजी क्षेत्रबाट एक्स्काभेटर सञ्चालन गर्दा यो व्यवस्था लागु हुने छैन ।

माथि जुनसुकै कुरा उल्लेख भएको भए तापनि यो निर्देशिका जारी हुनु अघि गाउँपालिका र सम्बन्धित उपभोक्ता समितिका बीच एक्स्काभेटर सञ्चालन गर्ने

सम्झौता भैसकेकोमा सो स्थानमा एक्स्काभेटर सञ्चालन गर्न कुनै वाधा पर्ने छैन् ।

६. **एक्स्काभेटर सञ्चालन सम्बन्धी लगवुक राख्नु पर्नेः** कुनै पनि योजनामा एक्स्काभेटर सञ्चालन गर्दा सो को लगवुक अनुसूची ३ बमोजिम राख्नु अपरेटरको कर्तव्य हुनेछ । लगवुक नराखि एक्स्काभेटर सञ्चालन गरेको पाइएमा उप-समितिले अपरेटरलाई आवश्यक कारवाहीका लागि गाउँपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

७. **निजी क्षेत्रले समेत एक्स्काभेटर प्रयोग गर्न पाउनेः** गाउँपालिकाको स्वामित्वमा रहेको एक्स्काभेटर सञ्चालन गर्न चाहने निजी क्षेत्रका संघ संस्था वा व्यक्तिहरुले यो निर्देशिकाका तथा अन्य प्रकरणहरुका अधिनमा रहि प्रति घण्टा रु. दुई हजार दुई सयका दरले रकम बुझाएपछि एक्स्काभेटर प्रयोग गर्न सक्नेछन्।

८. **एक्स्काभेटर सञ्चालन वापत प्राप्त रकम अन्य कार्यमा खर्च गर्न नपाइनेः** एक्स्काभेटर सञ्चालन गरे वापत यो निर्देशिका बमोजिम एक्स्काभेटर खातामा जम्मा हुन आएको रकम एक्स्काभेटर सञ्चालन व्यवस्थापन तथा एक्स्काभेटर सञ्चालनमा संलग्न एक्स्काभेटर अपरेटर र हेल्परको तलव भत्ता तथा मर्मत संभारको काम बाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन् । यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १० बमोजिमको खातामा जम्मा भएको रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्न वाधा पर्ने छैन् ।

९. **अपरेटर तथा हेल्परलाई विशेष भत्ता दिनुपर्नेः** एक्स्काभेटरद्वारा योजना सञ्चालन गर्न चाहने उपभोक्ता समितिका अध्यक्षले अपरेटरलाई प्रति घण्टा रु. दुई सय पचास तथा हेल्परलाई प्रति

कार्य दिन रु.दुई सय रुपैयाका दरले विशेष भत्ता भुक्तानी गर्नु पर्नेछ । यस्तो भत्ताको दर गाउँ कार्यपालिकाबाट समय समयमा परिमार्जन गर्न सकिनेछ। अपरेटर र हेल्परलाई दिने विशेष भत्ता सम्बन्धित योजनाको लागि विनियोजित रकमबाट कट्टा हुने गरी खर्च गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

१०. **खाता संचालनः** एक्स्काभेटर सञ्चालन वापत यो निर्देशिका बमोजिम जम्मा हुन आएको रकम गाउँ कार्यपालिकाले तोकेको बैंक खातामा जम्मा गरिनेछ । सो खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

११. **एक्स्काभेटर मर्मत सम्बन्धी व्यवस्थाः** एक्स्काभेटर बिग्रिएर मर्मत गर्नुपर्ने अवस्था भएमा के के मर्मत सम्भार गर्नु पर्ने हो ? कुन कुन सामानहरु फेरबदल गर्नु पर्ने हो ? सो को विवरण सहित अपरेटरले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ । अपरेटरको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले लागत अनुमान तयार गराई प्रचलित आर्थिक नियमावली बमोजिम मर्मत सम्भार गराउनु पर्नेछ ।

१२. **अवाञ्छित प्रभाव पार्न नहुनेः-** यो निर्देशिका बमोजिम एक्स्काभेटरद्वारा योजना सञ्चालन गर्ने उपभोक्ता समितिको अध्यक्ष लगायत सम्बद्ध पक्षले उप-समितिको निर्णयलाई स्वीकार गर्नुपर्नेछ ।विभिन्न योजनाहरुबाट एकै पटक एक्स्काभेटरको माग भएकोमा यो निर्देशिका बमोजिम तोकिएको प्राथमिकता क्रम वा पहिले माग गर्ने योजनालाई प्रथम प्राथमिकता दिनेगरी भएको उप-समितिको निर्णयलाई कसैले अवाञ्छित प्रभाव पार्ने प्रयत्न गर्नु हुदैन । कुनै योजनाका सम्बद्ध पक्षले त्यस्तो अवाञ्छित प्रभाव

पार्ने प्रयत्न गरेमा उप-समितिले त्यस्तो योजनामा एक्स्काभेटर नपठाउने गरी निर्णय समेत गर्न सक्नेछ ।

१३. **अधिकार प्रत्यायोजनः-** यो निर्देशिकाद्वारा उप-समिति र प्रमुख प्रशासकीय अधिकृतलाई प्रदत्त अधिकार गाउँ कार्यपालिकाको कुनै सदस्य वा गाउँ कार्यपालिकाको कार्यालयको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ ।

१४. **निर्देशिकामा संशोधनः-** यो निर्देशिकामा संशोधन गर्न आवश्यक भएमा उप-समितिको सिफारिसमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१५. **खारेजी र बचाउः-** यो निर्देशिका जारी हुनु अघि एक्स्काभेटर सञ्चालन र व्यवस्थापन सम्बन्धी भए गरेका कामकुराहरु यसै निर्देशिका बमोजिम भए गरेका मानिने छन् । एक्स्काभेटर सञ्चालन र व्यवस्थापन सम्बन्धी गाउँपालिकाका पुराना निर्णयहरु यो निर्देशिका जारी भएपछि स्वतः निस्क्रिय हुनेछन् ।

## अनुसूची — १

## एक्स्काभेटर माग सम्बन्धी निवेदन पत्रको ढाँचा

श्रीमान् संयोजकज्यू
एक्स्काभेटर संचालन व्यवस्थापन उप-समिति
गल्छी गाउँपालिकाको कार्यालय बैरेनी, धादिङ ।

महोदय,

उपरोक्त विषयमा .................................... उपभोक्ता समितिको तर्फबाट यो निवेदन गर्दछु कि........................................योजनामा एक्स्काभेटरको प्रयोग गरी योजना सञ्चालन गर्ने ................................ उपभोक्ता समितिको मिति ............./....../...... को निर्णय बमोजिम ........................... कार्य दिनका लागि लाग्ने भाडा रु. .................. तहाँको चल्ती हिसाव नं. .......... मा जम्मा गरी सो को सक्कल भौचर यसैसाथ पेश गरेको छु ।एक्स्काभेटर सञ्चालन अवधिमा लाग्ने एक्स्काभेटरको इन्धन, मोबिल, ग्रीज आदिको लागि आवश्यक पर्ने रु. ..................... समेत उपरोक्त खातामा जम्मा गरेको सक्कल भौचर समेत यसैसाथ पेश गरेको /विनियोजित बजेटबाट कट्टा गर्न मञ्जुर गरेको छु । एक्स्काभेटर सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७५ मा भएका सम्पूर्ण प्रावधानलाई पूर्णतः पालन गर्ने/गराउनेछु । एक्स्काभेटर उपलब्ध गराई सहयोग गरी दिनु हुन अनुरोध गर्दछु ।

................................
गल्छी गाउँपालिका वडा नं...........
बस्ने.......................................
समितिका तर्फबाट.....................
समितिका ...........श्री................

## अनुसूची — २

## एक्स्काभेटर सञ्चालन सम्भौता पत्रको ढाँचा

गल्छी गाउँपालिका एक्स्काभेटर सञ्चालन व्यवस्थापन उप-समिति धादिङ र ............................ गाउँपालिकाको ........................ उपभोक्ता समिति...............................बीच एक्स्काभेटर सञ्चालन सम्बन्धी सम्झौता पत्र

१. यो सम्झौता पत्रमा एक्स्काभेटर सञ्चालन व्यवस्थापन उप-समितिलाई पहिलो पक्ष र उपभोक्ता समिति .......................... लाई दोस्रो पक्ष भनिनेछ ।

२. ..............................योजनामा मिति ............/..../..... गते .............. बजेदेखि मिति २०७..../....../...... गते ............. बजेसम्म एक्स्काभेटर सञ्चालन गर्न गराउन दुवै पक्ष सहमति जनाउँदछौं ।

३. प्रकरण दुई अनुसार सञ्चालन भएको एक्स्काभेटरले गरेको कामको दैनिक अभिलेख, लगवुक अपरेटरको सहायतामा दोस्रो पक्षले गर्नु पर्नेछ ।

४. काममा खटिएको अवधिमा एक्स्काभेटर तथा एक्स्काभेटर व्यवस्थापनमा खटिने कर्मचारीको सुरक्षा दोस्रो पक्षले गर्नु पर्नेछ ।

५. दोस्रो पक्षले गलत व्यवस्थापनका कारण योजनास्थलमा एक्स्काभेटर काम बेगर बसेको पाइएमा त्यस्तो अवधिको एक्स्काभेटर भाडा समेत दोस्रो पक्षले पहिलो पक्षलाई भुक्तानी गर्नु पर्नेछ ।

६. एक्स्काभेटर प्रयोग गरी योजना सञ्चालन गर्दा प्राविधिक सहयोग, सुपरीवेक्षण तथा अनुगमनको कार्य पहिलो पक्षले गर्नेछ ।

७. एक्स्काभेटर सञ्चालन अवधिमा कुनै प्रकारको विवाद सिर्जना भई विवादको समाधान १ दिन भित्र हुन नसकि एक्स्काभेटर सञ्चालन रोकिएमा पहिलो पक्षले विवादको गम्भीरतालाई हेरी तत्काल एक्स्काभेटर फिर्ता बोलाएमा दोस्रो पक्षले बाधा विरोध गर्ने छैन् ।

८. एक्स्काभेटर सञ्चालन व्यवस्थापन निर्देशिका, २०७५ लाई दोस्रो पक्षले समेत पूर्ण रुपमा पालन गर्नेछ ।

९. एक्स्काभेटर सञ्चालन सम्बन्धमा पहिलो र दोस्रो पक्ष बीच विवाद सिर्जना भएमा दुवै पक्षलाई उपयुक्त हुने गरी निकासा निकाल्ने प्रयत्न गरिनेछ । त्यस्तो निकाय निस्कन नसकेमा पहिलो पक्षको निर्णयलाई दोस्रो पक्षले स्वीकार गर्नु पर्नेछ ।

१०. एक्स्काभेटर सञ्चालनको खर्च ........................................ ........................................................ बाट व्यहोरिने छ ।

| | |
|---|---|
| दस्तखत......................... | दस्तखत......................... |
| नाम.............................. | नाम.............................. |
| पद............................... | पद............................... |
| मिति..................... | मिति..................... |
| ..................... उपभोक्ता समिति | एक्स्काभेटर सञ्चालन व्यवस्थापन उप-समिति |

अनुसूची - ३
गल्छी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैरेनी, धादिङ
एक्स्काभेटर सञ्चालन व्यवस्थापन उप-समिति
<u>एक्स्काभेटर प्रयोग सम्बन्धी लगवुक</u>

योजनाको नाम.............................................योजना अध्यक्षको नाम.......................................................... वडा नं. .......

सम्झौता मिति....................... सम्झौता अवधिः ........../...../.....देखि ........./..../.....सम्म जम्मा .......... दिन ........ घण्टा

| क्र.स | एक्स्काभेटर प्रयोग भएको मिति | समय | | | इन्धन तथा अन्य लुब्रिकेन्टस खपत विवरण | | | | | | सम्झौता अवधिमा एक्स्काभेटर प्रयोग हुन नसकेमा | | | अध्यक्ष तथा प्र.प्र.अ. को दस्तखत | अपरेटरको दस्तखत | एक्स्काभेटरले यो योजनामा खनेको कुल लम्बाई वा परिणाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | समय | | | | | | |
| | | देखि | सम्म | जम्मा कार्य | डिजेल | मोबिल | ग्रिज | गि आयल | अन्य | प्रयोग हुन नसक्नुको कारण | देखि | सम्म | जम्मा | | | | |
| | | | | | | | | | | | | | | | | | |

आज्ञाले,

पुण्य बिक्रम पौडेल

प्रमुख प्रशासकीय अधिकृत

*गल्छी गाउँपालिका धादिङ्गको एक्स्काभेटर सञ्चालन तथा व्यवस्थापन गर्न बनेको निर्देशिका, २०७५ मूल्य रु. १०/-*